नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७०) काठमाडौं, जेठ १५ गते, २०७७ साल (अतिरिक्ताङ्क ८(क)

भाग ३

नेपाल सरकार

अर्थ मन्त्रालयको

सूचना १

मूल्य अभिवृद्धि कर (बाइसौं संशोधन) नियमावली, २०७७

मूल्य अभिवृद्धि कर नियमावली, २०५३ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ४१ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरूको नाम "मूल्य अभिवृद्धि कर (बाइसौं संशोधन) नियमावली, २०७७" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ३ मा संशोधनः** मूल्य अभिवृद्धि कर नियमावली, २०५३ (यसपछि "मूल नियमावली" भनिएको) को नियम ३ को उपनियम (३) मा रहेका "अनुसूची-२" भन्ने शब्दहरुको सट्टा "अनुसूची-१" भन्ने शब्दहरु राखिएका छन्।

३. **मूल नियमावलीको नियम ७ मा संशोधनः** मूल नियमावलीको नियम ७ को उपनियम (५) झिकिएको छ।

४. **मूल नियमावलीको नियम ७ख. मा संशोधनः** मूल नियमावलीको नियम ७ख. मा रहेका "संवत् २०७७ साल असार मसान्तभित्र" भन्ने शब्दहरुको सट्टा "संवत् २०७८ साल असार मसान्तभित्र" भन्ने शब्दहरु राखिएका छन् ।

५. **मूल नियमावलीको नियम १७ मा संशोधनः** मूल नियमावलीको नियम १७ को उपनियम (१क) मा रहेका "उपदफा (७)" भन्ने शब्दहरुको सट्टा "उपदफा (६)" भन्ने शब्दहरु राखिएका छन्।

६. **मूल नियमावलीको नियम १८क. मा संशोधनः** मूल नियमावलीको नियम १८क. को ठाउँ ठाउँमा रहेका "कम्प्युटर सफ्टवेयरबाट" भन्ने शब्दहरुको सट्टा "विद्युतीय माध्यमबाट" भन्ने शब्दहरु राखिएका छन्।

७. **मूल नियमावलीको नियम २५ मा संशोधनः** मूल नियमावलीको नियम २५ को प्रतिबन्धात्मक वाक्यांशमा रहेका "कम्प्युटर बीजक जारी गर्न" भन्ने शब्दहरुको सट्टा "विद्युतीय माध्यमबाट बीजक जारी गर्न" भन्ने शब्दहरु र सोही वाक्यांशमा रहेका "कम्प्युटर प्रणालीबाट" भन्ने शब्दहरुको सट्टा "विद्युतीय प्रणालीबाट" भन्ने शब्दहरु राखिएका छन्।

८. **मूल नियमावलीको नियम २६ मा संशोधनः** मूल नियमावलीको नियम २६ को,-

(१) उपनियम (३क) झिकिएको छ।

(२) उपनियम (३ख) मा रहेका "छापा तथा विद्युतीय प्रकाशन एवम् प्रसारण गृहले" भन्ने शब्दहरुको सट्टा "छापा तथा विद्युतीय प्रकाशन वा प्रसारण गृह, होटल, पर्यटन, चलचित्र घर तथा ढुवानी व्यवसायीले" भन्ने शब्दहरु राखिएका छन्।

९. **मूल नियमावलीको नियम ३९ मा संशोधनः** मूल नियमावलीको नियम ३९ को उपनियम (४) मा रहेका "छ महिनासम्म" भन्ने शब्दहरुको सट्टा "चार महिनासम्म" भन्ने शब्दहरु राखिएका छन्।

१०. **मूल नियमावलीको नियम ४५ मा संशोधनः** मूल नियमावलीको नियम ४५ को,-

(१) उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छः-

"(१) ऐनको दफा २४ को उपदफा (३) र (४), दफा २५, दफा २५ग१. वा दफा २५ग२. को प्रयोजनको लागि कर फिर्ता दिँदा कर अधिकृतले करदाताबाट फिर्ताका लागि पेश गरिएका प्रमाणहरु तुरुन्त छानबिन गरी दर्ता भएको मितिले दफा २४ को उपदफा (३) वा दफा २५ग१. को हकमा साठी दिनभित्र र दफा २४ को उपदफा (४), दफा २५ वा दफा २५ग२. को हकमा तीस दिनभित्र फिर्ता दिनु पर्नेछ।"

(२) उपनियम (२) मा रहेका "दफा २४ को उपदफा (३) वा दफा २५ बमोजिम" भन्ने शब्दहरुको सट्टा "दफा २४ को उपदफा (३), दफा २५, दफा २५ग१. वा दफा २५ग२. बमोजिम" भन्ने शब्दहरु राखिएका छन्।

(३) उपनियम (३) को सट्टा देहायको उपनियम (३) राखिएको छः-

"(३) ऐनको दफा २५ को उपदफा (१) को प्रयोजनको लागि दर्ता नभएको व्यक्तिले कर फिर्ता माग गर्दा सोही उपदफाको खण्ड (क) र (क१) को प्रयोजनको लागि अनुसूची-१७, खण्ड (क२) को प्रयोजनको लागि अनुसूची-१७क., खण्ड (ख) र (ग) को प्रयोजनका लागि अनुसूची-१८ र ऐनको दफा २५ग२. को प्रयोजनको लागि अनुसूची-१८क. को ढाँचामा विभागमा निवेदन दिन सक्नेछ।"

११. **मूल नियमावलीको नियम ६२ मा संशोधनः** मूल नियमावलीको नियम ६२ मा रहेका "नेपाल सरकारले" भन्ने शब्दहरुको सट्टा "अर्थ मन्त्रालयले" भन्ने शब्दहरु राखिएका छन्।

१२. **मूल नियमावलीको अनुसूचीमा संशोधनः** मूल नियमावलीको,-

(१) अनुसूची-६ मा रहेका "पाँच सय रुपैयाँ" भन्ने शब्दहरुको सट्टा "दश हजार रुपैयाँ" भन्ने शब्दहरु राखिएका छन्।

(२) अनुसूची-१७ को सट्टा संलग्न बमोजिमको अनुसूची-१७ राखिएको छ।

(३) अनुसूचीहरुमा रहेका "मूल्य अभिवृद्धि कर विभाग" र "मू.अ.क. विभाग" भन्ने शब्दहरुको सट्टा "आन्तरिक राजस्व विभाग" र "मूल्य अभिवृद्धि कर कार्यालय" भन्ने शब्दहरुको सट्टा "आन्तरिक राजस्व कार्यालय" भन्ने शब्दहरु राखिएका छन्।

१३. **मूल नियमावलीमा अनुसूची थपः** मूल नियमावलीको अनसूची-१७ पछि संलग्न बमोजिमको अनुसूची- १७क. र अनुसूची-१८ पछि संलग्न बमोजिमको अनुसूची-१८क. थपिएका छन्।

"अनुसूची -१७

(नियम ४५ को उपनियम (३) सँग सम्बन्धित)

कूटनीतिक नियोग/कूटनीतिज्ञले तिरेको कर फिर्ता माग गर्ने निवेदनको ढाँचा

श्री आन्तरिक राजस्व विभाग/आन्तरिक राजस्व कार्यालय,

.....।

१. तल उल्लिखित वस्तु ..... कूटनीतिक नियोग/कूटनीतिज्ञले खरिद गरेकोले तल बुँदा नं. ३ मा उल्लिखित रकम मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २५ को उपदफा (१) को खण्ड (क)/(क१) बमोजिम फिर्ता पाउन अनुरोध गरिन्छ ।

२. कर फिर्ता दाबी गरेको अवधि ..... देखि ..... सम्म ।

३. खरिदको विवरणः

सि.नं.	बिक्रेताको स्थायी लेखा नम्बर	बिक्रेताको नाम	बीजक नम्बर	बीजक मिति	खरिद गरिएको वस्तु वा सेवा	करयोग्य खरिद (रु.)	कर छुटको खरिद (रु.)	मूल्य अभिवृद्धि कर (रु.)
	जम्मा							

माथि उल्लिखित वस्तु तथा सेवा ..... कूटनीतिक नियोग/कूटनीतिज्ञले खरिद गरेको वा निजलाई आपूर्ति गरिएको व्यहोरा प्रमाणित गर्दछु र रु. ..... (अक्षरेपी .....) फिर्ता हस्ताक्षरकर्ता/..... लाई दिन अनुरोध गर्दछु । हस्ताक्षरकर्ता/..... लाई दिइने भुक्तानी मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २५ को उपदफा (१) को खण्ड (क)/(क१) अनुसार हुने कुरा म मञ्जुर गर्दछु ।

दस्तखतः
निवेदकको नामः
पदः

कूटनीतिक नियोगको नाम र छापः निवेदकको देश/नियोगको नामः
निवेदकको राहदानी नम्बरः

<u>कार्यालय प्रयोजनका लागि मात्र</u>

कर फिर्ता गरिएको रकम रु.	चेकको मितिः
निर्णयकर्ताः	निर्णय मितिः
बैङ्क खाता नम्बरः	चेक जारी गरिएको बैङ्कः
भुक्तानी महिना ..... वर्ष	कर अधिकृतको दस्तखतः"

"अनुसूची -१७क.

(नियम ४५ को उपनियम (३) सँग सम्बन्धित)

संयुक्त राष्ट्र संघ/संस्था/विशिष्टीकृत एजेन्सीले तिरेको कर फिर्ता माग गर्ने निवेदनको ढाँचा

श्री आन्तरिक राजस्व विभाग/आन्तरिक राजस्व कार्यालय,

.....।

१. तल उल्लिखित वस्तु .....संघ/संस्था/एजेन्सीले खरिद गरेकोले तल बुँदा नं. ३ मा उल्लिखित रकम मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २५ को उपदफा (१) को खण्ड (क२) बमोजिम फिर्ता पाउन अनुरोध गरिन्छ ।

२. कर फिर्ता दाबी गरेको अवधि ..... देखि ..... सम्म ।

३. खरिदको विवरणः

सि.नं.	बिक्रेताको स्थायी लेखा नम्बर	बिक्रेताको नाम	बीजक नम्बर	बीजक मिति	खरिद गरिएको वस्तु वा सेवा	करयोग्य खरिद (रु.)	कर छुटको खरिद (रु.)	मूल्य अभिवृद्धि कर (रु.)
	जम्मा							

..... संघ/संस्था/एजेन्सी संयुक्त राष्ट्र संघ र सो अन्तर्गतको विशिष्टीकृत संघ/संस्था एजेन्सी भएको र माथि

उल्लिखित वस्तु तथा सेवा सो संघ/संस्था/एजेन्सीले खरिद गरेको व्यहोरा प्रमाणित गर्दछु र रु. ..... (अक्षरेपी .....) फिर्ता हस्ताक्षरकर्ता/..... लाई दिन अनुरोध गर्दछु । हस्ताक्षरकर्ता/..... लाई दिइने भुक्तानी मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २५ को उपदफा (१) को खण्ड (क२) अनुसार हुने कुरा म मञ्जुर गर्दछु ।

संस्थाको नाम र छापः

दस्तखतः
निवेदकको नाम, थरः
पदः
मितिः

कार्यालय प्रयोजनका लागि मात्र

कर फिर्ता गरिएको रकम रु.
निर्णयकर्ताः
बैङ्क खाता नम्बरः
भुक्तानी महिना ..... वर्ष

चेकको मितिः
निर्णय मितिः
चेक जारी गरिएको बैङ्कः
कर अधिकृतको दस्तखतः

"अनुसूची -१८क.

(नियम ४५ को उपनियम (३) सँग सम्बन्धित)

औषधी उद्योगले तिरेको कर फिर्ता माँग गर्ने निवेदनको ढाँचा

श्री आन्तरिक राजस्व विभाग/आन्तरिक राजस्व कार्यालय,

.....।

१. कर फिर्ता दाबी गरेको अवधि ..... देखि ..... सम्म ।

२. खरिदको विवरणः

सि.नं	बिक्रेता	बिक्रेता को स्थायी लेखा नम्बर	बीज क मिति	बीज क नम्बर	खरिद गरिए को वस्तु वा सेवा	करयो ग्य खरिद (रु.)	कर छुट को खरिद (रु.)	मूल्य अभिवृ द्धि कर (रु.)	कच्चा पदार्थ/सहाय क कच्चा पदार्थ/प्याकि ङ्ग मेटेरियल
	जम्मा								

माथि उल्लिखित वस्तु यस ..... औषधी उद्योग (स्थायी लेखा नम्बर .....) ले स्वदेशी उद्योगबाट खरिद गरेकोले मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २५ग२. बमोजिम रु. ..... (अक्षरेपी .....) फिर्ता पाउन अनुरोध गरिन्छ ।

प्रस्तुत व्यहोरा ठीक साँचो छ ।

दस्तखतः

निवेदकको नाम, थरः

उद्योगको नाम र छापः

पदः

मितिः

कार्यालय प्रयोजनका लागि मात्र

कर फिर्ता गरिएको रकम रु.	चेकको मितिः
निर्णयकर्ताः	निर्णय मितिः
बैङ्क खाता नम्बरः	चेक जारी गरिएको बैङ्कः
भुक्तानी महिना ..... वर्ष	कर अधिकृतको दस्तखतः"